# आकाशवाणी समाचार- नेपाली

मितिः ०५ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज एक दिवसीय भ्रमणका लागि महाराष्ट्र जानु हुनेछ, यसक्रममा उहाले विभिन्न परियोजनाहरुको उद्घाटन साथै शिल्यानस गर्नुहुनेछ ९

२. हरियाणामा 90 सदस्यीय विधानसभाका लागि आज विहान 7 बजेदेखि एउटै चरणमा मतदान हुँदैछ।

३. रक्षामन्त्री राजनाथ सिंहले भारतलाई विश्वव्यापी उत्पादन केन्द्र बनाउन अनि रक्षा उद्योगलाई निर्यातमुखी बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

४. विदेशमन्त्री एस जयशंकर आगमी १५ अनि १६ अक्टोबरको दिन शाङ्घाई सहयोग संगठन-एससीओ शिखर सम्मेलनमा भाग लिन इस्लामाबाद जानु हुनेछ।

५. महिला टी–२० विश्वकप क्रिकेटमा न्युजिल्यान्डले भारतलाई ५८ रनले पराजित गरेको छ।

**पीएम - महाराष्ट्र**

प्रधानमन्त्री नरेन्द्र मोदी आज एक दिवसीय भ्रमणका लागि महाराष्ट्र जानु हुनेछ । यस अवधिमा प्रधानमन्त्रीले वाशिम जिल्लामा लगभग 23 हजार तीन सय करोड रुपियाँको कृषि तथा पशुपालन क्षेत्रसँग सम्बन्धित विभिन्न परियोजनाको उद्घाटन गर्नु हुनेछ । उहाले बंजारा समुदायको महान सम्पदालाई समर्पित बन्जारा सम्पदा संग्रहालयको पनि उद्घाटन गर्नु हुनेछ । यसपछि श्री मोदीले ठाणे जिल्लामा 32 हजार 8 सय करोडभन्दा बढीको विकास परियोजनाको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। श्री मोदीले जिल्लामा प्रधानमन्त्री किसान सम्मान निधि योजनाको 18 औं किस्ता जारी गर्नु हुनेछ। यसमा देशभरका 9 करोड 40 लाखभन्दा बढी किसानलाई प्रत्यक्ष लाभ हस्तान्तरण मार्फत 20 हजार करोडभन्दा बढीको आर्थिक सहायता उपलब्ध गराइनेछ। यस अवसरमा श्री मोदीले नमो शेतकरी महा-सम्मान निधि योजनाको पाँचौं किस्ता अन्तर्गत महाराष्ट्रका किसानहरूलाई लगभग दुई हजार करोड रुपियाँको अतिरिक्त सहायता पनि जारी गर्नु हुनेछ। श्री मोदीले कृषि पूर्वाधार कोष अन्तर्गत 1हजार 9 सय 20 करोड भन्दा बढीको साढे सात हजार परियोजनाहरू राष्ट्रलाई समर्पण गर्नु हुनेछ। यसमा प्राथमिक प्रशोधन एकाइहरूए गोदामहरूए क्रमबद्ध उत्पादन र ग्रेडिङए शीत भण्डार परियोजनाहरू र फसल पछि व्यवस्थापन परियोजनाहरू समावेश छन् ९ प्रधानमन्त्रीले जनावरहरूका लागि एकीकृत जीनोमिक चिपको पनि उद्घाटन गर्नु हुनेछ। उहाले मुख्यमन्त्री सौर कृषि वाहिनी योजनाको दोस्रो चरण अन्तर्गत महाराष्ट्रमा कुल 19 मेगावाट क्षमताका पाँचवटा सौर्य ऊर्जा पार्क राष्ट्रलाई समर्पण गर्नु हुनेछ। श्री मोदीले मुख्यमन्त्री माझी लड्की बहिन योजनाका लाभार्थीहरूलाई पनि सम्मान गर्नु हुनेछ।उहाले थानेमा प्रमुख मेट्रो र सडक परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुहुनेछ। लगभग 14 हजार 120 करोडको लागतमा मुम्बई मेट्रो लाइन-3 अन्तर्गत प्रधानमन्त्री बी.के.सी. आरे श्रण्टण्स्ण्त्ण खण्डको उद्घाटन पनि गर्नुहुनेछ ।मुम्बई मेट्रो लाइन-३ एक प्रमुख सार्वजनिक यातायात परियोजना हो जसले मुम्बई र यसको उपनगरहरू बीचको गतिशीलतामा सुधार गर्नेछ। पूर्ण रूपमा सञ्चालनमा आएपछि दैनिक लगभग 12 लाख यात्रुहरुले यात्रा गर्न सक्नेछन्। श्री मोदीले लगभग 12 हजार 200 करोड रुपैयाँको लागतमा निर्माण गरिने ठाणे इन्टिग्रल रिंग मेट्रो रेल परियोजनाको शिलान्यास पनि गर्नु हुनेछ। यो सम्पूर्ण आयोजनाको लम्बाइ 29 किलोमिटर रहेको छ। यो महत्वाकांक्षी पूर्वाधार परियोजनाले ठाणेको बढ्दो यातायात आवश्यकतालाई सम्बोधन गर्नेछ ।प्रधानमन्त्रीले लगभग 3हजार 3 सय 10 करोड रुपैयाँको लागतमा छेडा नगरदेखि थानेको आनन्द नगरसम्म उन्नत पूर्वी फ्रीवे विस्तारको पनि शिलान्यास गर्नुहुनेछ। यो परियोजनाले दक्षिण मुम्बई देखि ठाणे सम्म निर्बाध यात्रा गर्न

अनुमति दिनेछ।श्री मोदीले लगभग २ हजार पाँच सय पचास करोड रुपैयाँको नवी मुम्बई एयरपोर्ट अधिसूचित क्षेत्र परियोजना - नैनाको पहिलो चरणको शिलान्यास पनि गर्नु हुनेछ। आयोजनामा ठूला सडकए पुलए फ्लाईओभरए अन्डरपास र एकीकृत पूर्वाधार निर्माण कार्य समावेश छ।

****** o ******

**हरियाणा-चुनाव मतदान**

हरियाणामा 90 सदस्यीय विधानसभाका लागि आज एउटै चरणमा मतदान हुँदैछ। मतदान बिहान 7 बजेदेखि शुरु भएको छ भने बेलुकी 6 बजेसम्म हुनेछ। दुई करोड तीन लाखभन्दा बढी मतदाताले एक हजार 31 उम्मेदवारको भाग्यको फसेला गर्नेछन्। शान्तिपूर्ण मतदानका लागि प्रदेशमा कुल 20 हजार 6 सय 32 मतदान केन्द्र स्थापना गरिएको छ। हरियाणाका मुख्य निर्वाचन अधिकारी पंकज अग्रवालले स्वतन्त्रए निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्न मतदान केन्द्रहरूमा वेब कास्टिङ लगायत विस्तृत सुरक्षा व्यवस्था गरिएको बताउनु भएको छ। कुनै मतदाताको नाम मतदाता सूचीमा छ तर उनीसँग मतदाता परिचयपत्र नभएको खण्डमा निर्वाचन आयोगको निर्देशन अनुसार आधार कार्डए मनरेगा रोजगार कार्ड, ड्राइभिङ लाइसेन्सए प्यान कार्डए भारतीय पासपोर्ट जस्ता 12 वैकल्पिक परिचयपत्र मध्ये कुनै एक देखाएर आफ्नो भोट हाल्न सक्नेछ।

**पीएम- सेमिकंडकटर**

प्रधानमन्त्री नरेन्द्र मोदीले चाँडै नै देशमा पाँचवटा सेमीकन्डक्टर प्लान्ट स्थापना गरिने र मेड इन इन्डिया चिप्स विश्वभर उपलब्ध हुने बताउनु भएको छ। उहाले हिज नयाँ दिल्लीमा आयोजित कोटिल्या आर्थिक सम्मेलनमा सो कुरा बताउनु भएको हो।

ठल्ज्ञ

श्री मोदीले भन्नु भयोए भारत मोबाइल फोनको आयातकर्ताबाट निर्मातामा परिणत हुँदैछ। भारत विश्वमा मोबाइल फोनको दोस्रो ठूलो उत्पादक हो। उहाले भन्नु भयोए भारत विश्वको सबैभन्दा छिटो बढिरहेको अर्थव्यवस्था हो अनि यो विश्वको पाँचौं ठूलो अर्थव्यवस्था पनि हो।

****** o ******

**एससीओ- समिट**

विदेशमन्त्री एस जयशंकर आगमी १५ अनि १६ अक्टोबरको दिन शाङ्घाई सहयोग संगठन-एससीओ शिखर सम्मेलनमा भाग लिन इस्लामाबाद जानु हुनेछ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले हिजो नयाँ दिल्लीमा सञ्चारकर्मीसँग कुरा गर्नु हुदै यो जानकारी दिनु भएको हो । श्री जैसवालले जाकिर नाइकको पाकिस्तान भ्रमणबाट भारत अचम्ममा नपरेको बताउनु भयो। उहाले भारतीय न्याय प्रणालीबाट भागेका जाकिर नाइकलाई पाकिस्तानमा गरिएको उच्चस्तरीय स्वागतको निन्दा गर्दै यसलाई निराशाजनक बताउनु नभएको छ ।

****** o ******

**राजनाथ सिंह**

रक्षामन्त्री राजनाथ सिंहले भारतलाई विश्वव्यापी उत्पादन केन्द्र बनाउन अनि रक्षा उद्योगलाई निर्यातमुखी बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा एक कार्यक्रममा रक्षा मन्त्रीले भन्नु भयो घरेलु रक्षा उत्पादनले २०२३-२४ मा १ लाख २७ हजार करोड रुपियाँको रेकर्ड आंकडा पार गरेको छ।

****** o ******

**शास्त्रीय भाषा**

पाँच भारतीय भाषाहरूलाई शास्त्रीय भाषाको दर्जा दिने केन्द्रीय मन्त्रिपरिषद्को निर्णयलाई देशभरिका शिक्षाविद् अनि अनुसन्धानकर्ताहरूले प्रशंसा गरेका छन्। हिजो बसेको मन्त्रिपरिषद् बैठकले आसामी, बंगाली, मराठी, पाली र प्राकृतलाई शास्त्रीय भाषाको सूचीमा समावेश गर्ने निर्णय गरेको थियो। यो दर्जा पाएपछि यी भाषाहरूले आफ्नो अध्ययन र संरक्षणलाई प्रवर्द्धन गर्न

सरकारबाट धेरै सुविधा पाउनेछन्। कलकत्ता विश्वविद्यालयको बौद्ध अध्ययन विभागका प्राध्यापक डाक्टर उज्ज्वल कुमारले आकाशवाणीसंग कुराकानी गर्नु हुदै यी भाषाहरूको सांस्कृतिक सम्पदा रहेको र यस निर्णयले भाषाहरूको प्रचार प्रसारमा मद्दत पुग्ने बताउनु भयो । यसले साहित्यका विद्यार्थीलाई थप रोजगारीको अवसर सिर्जना गर्ने उहाले बताउनु भयो ।इन्दिरा गान्धी नेशनल सेन्टर फर द आर्ट्सका सचिव डा सच्चिदानन्द जोशीले यी भाषाहरूको समावेशको ऐतिहासिक महत्त्व रहेको बताउनु भयो । देशका प्राचीन साहित्य यी भाषाहरूमा उपलब्ध रहेको र शास्त्रीय भाषाको सूचीमा समावेश भएमा अध्ययन र अनुसन्धानमा टेवा पुग्ने उहाँले बताउनु भयो ।

****** ० ******

## विदेशी मुद्रा भंडार

चीनए जापान र स्विट्जरल्याण्डसँगै भारत ७०० अर्ब अमेरिकी डलरको विदेशी भंडार पार गर्ने विश्वको चौथो अर्थव्यवस्था बनेको छ । सेप्टेम्बर २७ मा समाप्त भएको हप्तामा भारतको विदेशी मुद्रा भण्डार १२.५८८ बिलियन डलरले बढेर ७०४.८८५ बिलियन डलरको नयाँ सर्वकालीन उच्चमा पुगेको छ। सेप्टेम्बर २० मा समाप्त भएको पछिल्लो हप्तामा विदेशी मुद्रा सञ्चिति २.८ अर्बले बढेर ६९२.३ डलर पुगेको छ । विदेशी मुद्रा सञ्चितिमा भएको तीव्र वृद्धिले विश्वव्यापी आर्थिक अनिश्चिततासँग लड्ने भारतको क्षमतालाई बलियो बनाएको छ र अस्थिर अन्तर्राष्ट्रिय बजारको सामना गर्दा आफ्नो मुद्रालाई अझ बढी स्थिरता प्रदान गरेको छ। आरबीआईले जारी गरेको पछिल्लो तथ्यांक अनुसार भारतको सुनको भण्डार २.१८४ बिलियन डलरले बढेर ६५.७९६ बिलियन डलर पुगेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषमा विशेष ड्राइंग अधिकार 8 मिलियनले बढेर 18.54 बिलियन डलर पुगेको छ।

****** ० ******

## संयुक्त राष्ट्र आतंकवाद विरोधी संधि

भारतले लगभग ३० वर्ष पहिले प्रस्ताव गरेको आतंकवाद विरुद्धको अन्तर्राष्ट्रिय सन्धि अपनाउने आफ्नो प्रतिबद्धतालाई दोहोऱ्याएको छ। हिजो संयुक्त राष्ट्र संघको महासभाको कानूनी समितिलाई सम्बोधन गर्दै संयुक्त राष्ट्र मिशनमा भारतका कानूनी अधिकारी आर. मैथिलीले आतंकवादी समूहहरूको बढ्दो शक्ति प्रति गहिरो चासो व्यक्त गर्नु भयो जसले अहिले आफ्नो क्षमता अभिवृद्धि गर्न ड्रोन जस्ता अत्याधुनिक प्रविधिहरू प्रयोग गरिरहेका छन्। उहाले अन्तर्राष्ट्रिय आतंकवाद सम्बन्धी बृहत् महासन्धिलाई अन्तिम रूप दिन विश्व समुदायले वर्तमान गतिरोधलाई पार गर्नुपर्नेमा जोड दिनु भयो ।

****** ० ******

## जूनियर डॉक्टर- हड्ताल

पश्चिम बङ्गाल जुनियर डक्टर्स फ्रन्टका आन्दोलनरत जुनियर डाक्टरहरूले आफ्नो हडताल फिर्ता लिएका छन्। तर उनीहरूले राज्य सरकारलाई २४ घण्टाको अल्टिमेटम दिदै आफूहरूको माग पूरा नभए भोक हड्तालमा जाने बताएका छन् । जूनियर डॉक्टरहरुले निकालेको र्यालीको क्रममा पुलिसले एक जना डाक्टरलाई कुटपिट गरेको बताइएको छ ।

****** ० ******

## महिला टी-२० विश्वकप क्रिकेट

महिला टी–२० विश्वकप क्रिकेटमा न्युजिल्यान्डले भारतलाई ५८ रनले पराजित गरेको छ । टस जितेर पहिला ब्याटिङ गरेको न्युजिल्यान्डले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १ सय ६० रन बनाएको थियो । जवाफमा भारतले १०२ रन मात्र बनाउन सक्यो ।

****** ० ******